श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी पदयात्राको अनुमति दस्तुर निम्नबमोजिम तोकेको हुँदा सम्बन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इजाजत प्राप्त ट्रेकिङ एजेन्सीबाट सञ्चालित पर्यटकहरूको लागि पहिलो महिनाको प्रत्येक हप्ताको रू. ६०।– (साठी) र त्यसपछि प्रत्येक हप्ताको रू. ७५।– (पचहत्तर) ।

२. इजाजत प्राप्त ट्रेकिङ एजेन्सीबाट सञ्चालन नभएका (FIT) पर्यटकहरूलाई उपरोक्त उल्लेखित रकमको डेढी दस्तुर लाग्नेछ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियमहरू, २०३४ को नियम ८ को उप-नियम (४) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरूले जीप वा १३०० सी.सी. सम्मको १ (एक) मोटरकार पैठारी गर्दा लाग्ने इजाजत दस्तूर बापत आयात इजाजत मूल्यको १ (एक) प्रतिशत मात्र इजाजत दस्तूर लाग्ने व्यवस्था गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको लागू हुन बाँकी रहेका दफाहरू आजैको मितिदेखि प्रारम्भ हुने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

205